# संघीय संसद

## शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

## २०८१ माघ २५ गते शुक्रबार

## बैठक संख्याः १०५

**छलफल तथा निर्णय**

आगामी दिनमा हुने राष्ट्रिय खेलकूदको विद्यमान अवस्था, भए गरेका कामकारवाही, समस्या र कार्यदिशाका सम्वन्धमा छलफल गर्न बसेको समितिको बैठक समितिका माननीय सभापतिको सभापतित्वमा बस्यो । समितिको बैठकमा युवा तथा खेलकूल मन्त्रालयका माननीय मन्त्री तेजुलाल चौधरी, मन्त्रालयका सचिव डा. हरिप्रसाद लम्साल, राष्ट्रिय खेलकूद परिषद्का सदस्य सचिव श्री टंकलाल घिसिङ, अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो । समितिको आजको बैठकले देहाय वमोजिमको निर्णय तथा निर्देशन गर्योः

- मिति २०८१ चैत २३ गतेदेखि ३० गतेसम्म कर्णाली प्रदेशको राजधानी सुर्खेतको विरेन्द्रनगरमा हुन गइरहेको दशौं राष्ट्रिय खेलकूद कार्यक्रम निर्धारित समयमै सम्पन्न गर्नको लागि सम्बन्धित मन्त्रालयले आवश्यक समन्वय र सहकार्य गरी फास्ट टयाकमा बाँकी कामहरु सम्पन्न गर्न निर्देशन दिने।

| | |
|---|---|
| ............................ | ............................. |
| नागेन्द्रप्रसाद चौधरी | अम्मर बहादुर थापा |
| समिति सचिव | सभापति |